प्रचलित नियममा भएका सबै व्यवस्थाको पालना गरी वित्तीय जवाफदेहितालाई सुदृढ बनाउन कार्यालयको ध्यान जान जरुरी देखिन्छ ।

२. **आर्थिक विवरण :** प्रस्तुत आर्थिक बिवरणलाई विश्लेषण गर्दा जिम्मेवारी सहित केन्द्रिय र जिल्ला विकास समिति अनुदान रु ८९९१५७१५।१२ र आन्तरिक आय तर्फ रु.३९४४१ समेत गरी जम्मा रु.८९९५५१५६।१२ को आम्दानी मध्ये पुजिंगत खर्च तर्फ रु.२८५६४४३७४० , चालु खर्च रु ७५४६४२८।३१ र अन्य खर्च रु. ४८२७६०७४ र मौज्दात रु. ५५६८२१६।४१ रहेको देखिन्छ ।

३. **जिम्मेवारी :** गोलन्जोर गाँउपालिका अन्तर्गतका साविकका गा.वि.स.हरु भुवनेश्वरी, रतनचुरा र भिमेश्वर क्रमशः हाल वडा नं ३, ५ र ७ ले आर्थिक वर्ष ०७२/७३ को जिम्मेवारी नसारिएको जम्मा रु १,१२,१२५।०० आम्दानी बाँधी सोको प्रमाण पेश गर्नुपर्ने अन्यथा उक्त रकम असूल गरी सञ्चित कोष दाखिला हुनुपर्दछ ।

| क्र.सं. | साविकगा.वि.सहरु | हाल वडा नं. | ०७२/७३ को बांकी मौज्दात ( जिम्मेवारी सार्नुपर्ने) | जिम्मेवारी सारेको रकम | जिम्मेवारी नसारिएको रकम |
|---|---|---|---|---|---|
| १ | भुवनेश्वरी | ३ | १५,५१७।०० | ०।०० | १५,५१७।०० |
| २ | रतनचुरा | ५ | ७३,५७४।०० | २५,३४४।०० | ४८,२३०।०० |
| ३ | भिमेश्वर | ७ | ५३,७१७।०० | ५,३३९।०० | ४८,३७८।०० |
| जम्मा | | | | | १,१२,१२५।०० |

४ **दररेट भन्दा बढी भुक्तानी :** नेपाल विद्युत प्राधिकरण जनकपुर क्षेत्रीय कार्यालयले श्री जिल्ला विकास समितिको कार्यालय सिन्धुलीलाई उपलब्ध गराएको दररेट अनुसार ०.०३ Sq. Inch ACSR कन्डक्टर विजवल प्रति कि.मी. रु २८,९९०।००, ९ मिटर स्टील ट्यूवलर पोल प्रति थान रु २०,६२५।०० र ११ मिटर स्टील ट्यूवलर पोल प्रति थान रु २४,४७५।०० रहेको छ । कार्यालयले वितिजोर विद्युत विस्तार उपभोक्ता समितिलाई ०.०३ Sq. Inch ACSR कन्डक्टर विजवल वापत ५ कि.मी.को लागि जम्मा रु १,६६,६७५।००, रतनचुरा विद्युत विस्तार उपभोक्ता समितिलाई ९ मिटर स्टील ट्यूवलर पोल १२ थानका लागि जम्मा रु.२,६९,८४४।०० र बाशेश्वर विद्युत विस्तार उपभोक्ता समितिलाई ११ मिटरको स्टील ट्यूवलर पोल २४ थानको लागि जम्मा रु ६,७६,९१५।०० समेत गरी भुक्तानी दिदा जम्मा रु.१,३३,५९४।०० बढी भुक्तानी गरेको छ । दररेटभन्दा बढी भुक्तानी भएको रकम असूल हुनुपर्दछ ।

| उ.स.को नाम | विवरण | परिमाण | दररेट (रु) | भुक्तानी भएको दर | फरक दर | बढी भुक्तानी भएको रकम |
|---|---|---|---|---|---|---|
| वितिजोर विद्युत विस्तार उ.स. | ०.०३ Sq. Inch ACSR कन्डक्टर विजवल | ५ कि.मी. | २८,९९०। | ३३,३३५। | ४३४५। | २१,७३५। |
| रतनचुरा विद्युत विस्तार उ.स. | ९ मिटर स्टील ट्यूवलर पोल | १२ थान | २०,६२५। | २२,४८७। | १८६२। | २२,३४४। |
| बाशेश्वर विद्युत विस्तार उ.स. | ११ मिटरको स्टील ट्यूवलर पोल | २४ थान | २४,४७५। | २८,२०४। | ३७२९। | ८९,५१५। |
| जम्मा | | | | | | १,३३,५९४। |